# प्रेस-विज्ञप्ती

## India International Trade Fair, 2018 मा नेपालको सहभागिता सफलता पूर्वक सम्पन्न ।

नोबेम्बर १४-२७, २०१८ मा भारतको राजधानी नयाँ दिल्लीको प्रगती मैदानमा आयोजना भएको ३८ औं India International Trade Fair, 2018 मा नेपालले सफलता पूर्वक सहभागिता जनाएको छ ।

नेपालको प्रभावकारी सहभागिताको लागि नेपाली उद्यमी व्यवसायीहरुको सहभागिता भई सो मेलामा नेपालको सहभागिता रहको थियो । नेपालका १० वटा फर्म/कम्पनिहरुले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले उपलब्ध गराएको स्टलमा सहभागिता भएका थिए । भारत स्थित नेपाली राजदुतावासको सहजिकरणमा सो व्यापार मेलामा नेपालले आफ्ना व्यावसायिक उत्पादनहरुको प्रदर्शनी तथा बिक्री वितरण गर्ने व्यवस्था मिलाईएको थियो ।

नेपाली पश्मिना, तयारी पोशाक, हाते कागजका सामाग्री, ढाका कपडा, फ्लोर कभरिङ्ग बेड कभर लगायत नेपाली हस्तकलाका वस्तुको मुख्य प्रदर्शनी तथा बिक्री वितरण गरिएको थियो ।उक्त व्यापार मेलाको अवसरमा B2B meeting तथा सास्कृतिक कार्यक्रम एव नेपाल भारत व्यापार लगानी विषयमा G2G स्तरमा समेत छलफल एव अन्र्तक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रमको नेपाली राजदुतावास, भारतले संयोजन गरि सम्पन्न गरेको थियो ।

नेपाल भारत व्यापार तथा लगानी प्रवर्द्धन, निकासीयोग्य वस्तुको बजारीकरण तथा मेलाबाट नेपाल भारत बीचको बढ्दो व्यापारघाटा कम गर्न सहयोग पुगेको छ । यस मेलामा नेपाली व्यावसायीहरुले प्रदर्शनी तथा बिक्रिका लागि राखिएका वस्तुहरु मध्ये सिङ्गड बल र नेपाली थान्का बाहेक सम्पूर्ण वस्तुहरु मेला अगावै बिक्रि भई उल्लेखनीय रुपमा भारतीय मुद्राको आर्थिक कारोबार गरी सम्पन्न भएको थियो ।

भारतको सबै भन्दा ठुलो व्यापार मेला भएकोले नेपाली गुणस्तरीय वस्तुको प्रदर्शनीमा उल्लेखनीय माग भएको थियो । नेपाली खुकुरी, पश्मिना, रुद्राक्ष, अल्लोबाट निर्मित नेपाली ब्याग, नेपाली ढाका टोपी, फेल्टजन्य सजावटका समाग्रीहरु, सिङ्गिङ बल, बेड तथा सोफा कभर, फ्लोरिङ्ग म्याट, थान्का, आँखी झ्याल, ढाका कपडाको उल्लेखनिय बिक्रि भई नेपाली पश्मिनाको माग समेतका लागी अर्डर भएको छ । नेपाली वस्तुको विश्व बजारमा प्रवर्द्धन गर्न समेत यस मेलाबाट अवसर प्राप्त गर्ने थलोको रुपमा नेपाली व्यावसायीले यस मेलालाई प्रयोग गरेका छन् ।

नेपालको प्रभावकारी सहभागिताले यस व्यापार मेलाबाट नेपाललाई बहुआयामीक क्षेत्र पर्यटन, व्यापार, लगानी, साँस्कृतिक तथा धार्मिक पर्यटनमा समेत लाभ भएको छ । उक्त मेलामा नेपालले नेपालको मौलिक पहिचान झल्काउने सांस्कृतिक कार्यक्रमको समेत आयोजना गरी सम्पन्न भएको थियो । विगतमा समेत यस व्यापार मेलामा नेपालको सहभागिता रहने गरेको भए पनि निरन्तरता दिन नसकिएको अवस्थामा नेपाल यस मेलामा Focus Country को रुपमा यस पटक सहभगिता जनाई सम्पन्न भएको छ । नेपालले यस व्यापार मेलामा उत्कृष्ट स्टल व्यवस्थापनको प्रथम पूरस्कार समेत आयोजकबाट प्राप्त गरेको थियो ।